बैठकको नामः क्व्होलासोथार गाउँपालिका (गाउँ कार्यपालिकाको बैठक)

बैठक क्रम संख्याः एघारौं

अध्यक्षताः अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ

मितिः २०८२।०१।०४, बिहिबार

स्थानः क्व्होलासोथार गाउँपालिकाको सभाहल ।

उपस्थितीः

| क्र.स. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरुङ | अध्यक्ष | क्व्होलासोथार गा.पा. -६ | |
| २ | गमीमाया गुरुङ | उपाध्यक्ष | क्व्होलासोथार गा.पा. -४ | |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. -१ | |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. -२ | |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. -३ | |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. -४ | |
| ७ | गित बहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. -५ | |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. -६ | |
| ९ | लक्ष्मन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. -७ | |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. -८ | |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. -९ | |
| १२ | श्री गंगा बहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १३ | श्री सुल बहादुर बि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -४ | |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -८ | |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -९ | |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -७ | |
| १८ | श्री माधव प्रसाद वाग्ले | प्रमुख प्रशासकीय अधिकृत | क्व्होलासोथार गा.पा. | |
| १९. | डा. अनुप गुरुङ | पशु सेवा शाखा प्रमुख | " | |
| 20. | श्रीकृष्ण विक्रम महत | रोजगार प्राविधिक | " | |
| २१ | राजु परियार | स्वास्थ्य शाखा | " | |
| २२. | चित्र घले | योजना/प्राविधिक शाखा | " | |
| २३. | प्रकाश [illegible] | " | " | |
| २४ | तिलक के.सी. | लेखा शाखा | " | |
| २५. | अखिल पौडेल | सुचना प्रविधि अधिकृत | | |
| २६. | गोपाल गुरुङ | स्वकीय सचिव | | |
| २७. | कल्पना गुरुङ | MIS शाखा | | |
| २८. | ममता गुरुङ | MED-PA शाखा | | |
| २९. | लोक देवी गुरुङ | कृषि विकास शाखा | | |

एघारौं कार्यपालिका बैठक २०८२।०१।०४, बिहिवार

**प्रस्ताव नं १. प्रदेश विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु छनौट/ प्राथमिकिकरण र माग प्रस्ताव सम्बन्धी।**

**निर्णय नं १.** गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखरासमक्ष प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ बमोजिम स्थानीय तहलाई प्रदान गरिने वित्तीय हस्तान्तरण अन्तर्गत आगामी आ.व. ०८२/८३ का लागि प्रदेश समपुरक र विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रम/क्रियाकलापहरुमा यस क्व्होलासोथार गाउँपालिकाबाट बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०८१(दोस्रो संशोधन) को दफा १० बमोजिम देहायका आयोजना/कार्यक्रम/क्रियाकलापहरु माग गर्ने निर्णय ।

तपसिलः

**समपूरकः**

१. काम्दु नयाँ सडक निर्माण योजना, वडा नं ३

२. कपुरगाउँ नजरे कौभिर सडक स्तरोन्नती, वडा नं १

३. घाम्राङ पसगाउँ सडक स्तरोन्नती,

**विशेषः**

१. वडा नं ८ को वडा कार्यालय भवन, घाम्राङ

२. सूलिकोट पर्यटन पूर्वाधार निर्माण, वडा नं १

३. वडा नं १ को वडा कार्यालय भवन, रापासिङ

**प्रस्ताव नं २: भूमि समस्या समाधान आयोग सम्बन्धी।**

**निर्णय नं २.**

क) वडा नं १ देखि वडा नं ९ सम्मका अव्यवस्थित बसोबासी बाहेकका जम्मा उन्पचास (४९) जना भूमिहिन दलित र भूमिहिन सुकुम्बासी लाभग्राहीको फिल्ड निरीक्षण प्रारम्भिक प्रतिवेदन स्वीकृत गर्ने।

ख) पालिकाको भूमी सम्बन्धी समस्या (भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी)का लाभग्राहीहरुको लगत संकलन तथा अन्य आवश्यक कार्यको निम्ति लगत संकलन सम्बन्धी कार्यविधि २०८१ को दफा ५(१) बमोजिम देहायको प्रमुख र सदस्यहरु रहने भूमि शाखा गठन गर्ने।

**देहायः**

अ) अनिल पौडेल – शाखा प्रमुख

आ) करुण बिक्रम महत-तथ्याङ्क संकलक

इ) यज्ञ बहादुर चन्द- लगत प्रविष्टिकर्ता

ई) चन्द्रकाशी घले गुरुङ- कार्यालय सहयोगी

माधव प्रसाद वाले
प्रमुख प्रशासकीय अधिकृत

**एघारौं कार्यपालिका बैठक २०८२।०१।०४, बिहिवार**

ग) फिल्ड निरिक्षण गरी लगत संकलनका लागि भूमि समस्या समाधान आयोग, लमजुङ जिल्ला समितिबाट क्व्होलासोथार गाउँपालिकामा आएका २ जना अमिनहरु **दिनेश थापा, बर्दिया र प्रविण थारु, बर्दिया**को मिति २०८१।१२।०६ देखि २०८१।१२।२१ सम्म भ्रमण खर्च नियमावली (संशोधन सहित) , २०६४ बमोजिम जम्मा १५/१५ दिनको भ्रमण खर्च प्रदान गर्न स्वीकृति दिने ।

**प्रस्ताव नं ३ : नवप्रवतन साझेदारी कोष कार्यान्वयन सम्बन्धी ।**

**निर्णय नं ३ :** मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ( शासकीय सुधार तथा समन्वय शाखा) गण्डकी प्रदेशको मिति २०८१।१२।२२ को नवप्रवतन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा ५ बमोजिमको नवप्रवतन साझेदारी कोष कार्यान्वयनका लागि अवधारणा पेश गर्ने सम्बन्धी सूचनाबमोजिम ऐ. निर्देशिकाको अनुसूची १ बमोजिमको ढाँचामा देहाय बमोजिमको परियोजनाको आवेदन प्रस्ताव पेश गर्ने तथा सो कार्यान्वयनका लागि तपसिल बमोजिमको सम्पर्क व्यक्ति र कार्यान्वयन तथा समन्वय समिति तोक्ने निर्णय । साथै पेश गरिएको परियोजनाको ऐ. निर्देशिका बमोजिम ३०% लागत बेहोर्ने निर्णय

परियोजनाको नाम: **क्व्होलासोथार गाउँपालिकामा एकीकृत CCTV प्रणाली तथा अप्तिक फाइबर विस्तार**

सम्पर्क व्यक्ति : सूचना प्रविधि अधिकृत अनिल पौडेल

फोन नं: ९८६९८००६५२

ईमेल : ito@kwholasotharmun.gov.np

**कार्यान्वयन तथा समन्वय समिति** - संयोजक : प्रमुख प्रशासकीय अधिकृत

सदस्यहरु: सूचना प्रविधि शाखा प्रमुख

वडा सचिवहरु

प्राविधिकहरु

क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७२

**कुल लागत –** १,२०,३३,५०० ।-

**लागत सहभागिता-** **कोषबाट ७० %=८४,६५,४५० ।-**

**गाउँपालिकाबाट ३०%=३६,२८,०५० ।-**

**प्रस्ताव नं ४ : गाउँपालिका वा अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीको करार म्याद थप सम्बन्धमा ।**

**निर्णय नं ४:** क्व्होलासोथार गाउँपालिकामा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको २०८२ बैशाख १ गते देखी लागु हुने गरी ऐ. असार मसान्तसम्म तीन महिनाको लागि करार सम्झौता थप गर्ने निर्णय ।

माधव प्रसाद वाले
प्रमुख प्रशासकीय अधिकृत

एघारौं कार्यपालिका बैठक २०८२।०१।०४, बिहिवार

**प्रस्ताव नं ५. आर्थिक सहायता सम्बन्धी।**

**निर्णय नं ५.** सम्बन्धित व्यक्ति तथा संस्थाबाट प्राप्त निवेदन सहित आवश्यक संलग्न कागतजातहरु र वडा कार्यालयको सिफारिस तथा योजनाहरुको हकमा लागत अनुमानका आधारमा देहायका संस्था तथा व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने।

| क्र.सं. | व्यक्ति तथा संस्थाको नाम | सहायता रकम/ सामाग्री | उपलब्धताको कारण |
|---|---|---|---|
| १. | चिनडाँडा पिकनिक स्पोर्ट, वडा नं ४ भुजुङ | १२ वटा पोल | विद्युतीकरण विस्तार |
| २. | वसकिम घलेको घर पछाडीको पहिरो रोकथाम, वडा नं ३ फुल्म्रो | १२ थान जाली (1.5X1.5) | विपद् व्यवस्थापन |
| ३. | आठौं स्मार्ट भिलेज आमन्त्रित गोल्डकप कप-२०८२, वडा नं ३ | रु. ४,००,०००। | खेलकूदमार्फत पर्यटन प्रवर्द्धन |
| ४. | पसगाउँ प्रवेशद्वार निर्माण, वडा नं ६ | रु. २,००,०००। | पर्यटक स्वागत र सुरक्षा |
| ५. | मालिङ युवा क्लब, वडा नं २ | रु. ५०,०००। | खेलकूद प्रोत्साहन |
| ६. | प्रतिक प्रसाद गुरुङ, वडा नं १ | रु. १,००,०००। | स्नायु प्रणाली उपचार खर्च |
| ७. | टेक बहादुर गुरुङ, वडा नं ७ | रु. १,००,०००। | भालु आक्रमणले उपचार खर्च |
| ८. | तामु पहिरो जोखिम नियन्त्रण, वडा नं ८ | रु. १,७५,०००। | विपद् व्यवस्थापन |
| ९. | प्रगतिशिल कृषिकर्मी संगठन, काठमाण्डौ | रु. १०,०००। | सूचनामूलक सन्देश |

**प्रस्ताव नं ५. विविध।**

**निर्णय नं ५.**

क) मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निमाण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ को दफा ५ बमोजिम यस पालिकाका तीन (३) जना लाभग्राहीहरुको प्रतिपरिवार रु ४,५०,००० को १०% का दरले हुन आउने रकम रु १,३५,००० स्थानीय विपद व्यवस्थापन कोषबाट जिल्ला विपद व्यवस्थापन कोषमा जम्मा गर्ने।

ख) गण्डकी प्रदेशको सामाजिक युवा तथा खेलकूद मन्त्रालयमा यथाशिघ्र योजना/आयोजनाहरुको माग गर्ने प्रयोजनार्थ उपलब्ध ढाँचा अनुसार ३ दिन भित्र सामाजिक विकास कार्यालयमा आ व २०८२।८३का लागि योजना/आयोजनाहरुको विवरण पठाउने।

ग) पशुसम्बन्धि भेडाबाख्रापालन र गाईभैंसीपालन ३/३ दिने तालिम पालिका केन्द्रमा सञ्चालन गर्ने र प्रत्येक वडाले व्यवसायिक कृषकहरुलाई तालिम प्रयोजनार्थ पालिकामा पठाउने।

घ)Artificial Insemination(कृत्रिम गर्भाधान) कार्यक्रम कृषकमा आधारित भएर सञ्चालन गर्ने।

दोर्दीलोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

CS CamScanner

## एघारौं कार्यपालिका बैठक २०८२।०१।०४, बिहिवार

ङ) गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (MEDPA) अन्तर्गतको **कोसेली घर( रु ५ लाख) वडा नं ५ सिङ्दीमा** निर्माणका लागि अनुमति दिने ।

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३